bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २९३ | २०८२ चैत्र ०१ गते आइतबार, नेपाल सम्वत् ११४६ March 15, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## पानी आयो सडक हिलाम्य

सडक विस्तारका कारण पानी परेपछि हिलाम्य बनेको डुम्रे-बेंसीसहर सडक खण्डअन्तर्गत तनहुँको भानु नगरपालिकाको तुरतुरे खण्ड । साघुरो सडकलाई विस्तार गर्ने कार्य भइरहदा घण्टौंसम्म सावारीसाधान रोकिने गरेका छन् भने यात्रुहरूले सास्ति झेल्नुपरेको छ ।

*तस्विर : भञ्ज्याङ*

# विदेशमा सन्तान : स्वदेशमा अभिभावकको मत परिवर्तन

**ध्रवसागर शर्मा/म्याग्दी**

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीले एउटा नयाँ तर रोचक भाष्य रचना गरिदिएको छ । अभिभावकको खटनपटन र निर्देशनमा रहने सन्तानहरू परिआएको खण्डमा आफ्नो विचार र बुझाइले अभिभावकको सोचाइ र परम्परावादी मान्यतालाई नै परिवर्तन गरिदिन सक्छन् भन्ने नयाँ भाष्य रचना गर्न म्याग्दी सफल भएको हो ।

लाहुरेहरूको जिल्ला भनेर समेत चिनिने म्याग्दीका अधिकांश युवा अध्ययन, रोजगारी र व्यापार-व्यवसायका लागि विदेशमा छन् । तिनै विदेशमा रहेका युवाहरूले यस पटकको निर्वाचनमा गाउँमा रहेका आफ्ना अभिभावकहरूको मन जितेर भोट परिवर्तन गराई पुराना स्थापित राजनीतिक दलका उम्मेदवारहरूलाई हराउन र स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताउन सफल भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिई गत माघ ६ गते म्याग्दी आएर स्वतन्त्र उम्मेदवारी दिनुभएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन स्वतन्त्र उम्मेदवारी दिएर विजयी हुने देशैभरिको एक्लो उम्मेदवार हुनुहुन्छ । पुनः विजयी हुनुमा उहाँको व्यक्तित्व, प्रचार शैली र क्षमता मात्रै होइन, देश विदेशमा रहेका म्याग्देली सन्तानहरूको महत्वपूर्ण भूमिका रहेको नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतम बताउनुहुन्छ। "अभिभावकहरूको मत परिवर्तन गराउन सन्तानहरूको महत्वपूर्ण भूमिका रह्यो ।

विदेशमा रहेका आफ्ना सन्तानहरूले एक पटक आफ्नो कुरा सुनिदिन र पहिला जुन पार्टीलाई मत दिंदै आउनुभएको छ, त्यो मत यस पटक महावीर पुनलाई दिन अभिभावकहरूलाई



आग्रह गरेपछि जिल्लामा रहेका अभिभावकहरूले कांग्रेस, एमाले र नेकपालाई दिंदै आएको मत परिवर्तन गरी स्वतन्त्र उम्मेदवार पुनलाई दिएका कारण पुनको विजय भएको हो", अध्यक्ष गौतमले बताउनुभयो ।

गौतमको यो भनाइसँग बुद्धिजीवी तथा राजनीतिक समीक्षक राजु केसी पनि सहमत हुनुहुन्छ । माउन्ट एभरेष्ट माविका प्राचार्यसमेत रहनुभएका केसीले सधैँभरि अभिभावकको कुरा सुन्ने गरेका सन्तानहरू यस पटकको निर्वाचनमा भने आफ्ना कुरा अभिभावकलाई बुझाउन र उनीहरूको मन परिवर्तन गराउन सफल भएको बताउनुहुन्छ ।

"विदेशमा रहेका युवाको बढ्दो चेतना, ज्ञान, देशको अवस्था र राजनीतिक दलका नेताहरूको क्रियाकलापका कारण बढेको नैराश्यता नै मत परिवर्तनको मुख्य कारण हो", केसीले भन्नुभयो, "वर्षौंदेखि भोट दिंदै आएका राजनीतिक दल र ती दलका नेताहरूको काम र प्रवृत्तिबाट युवाहरूमा उत्पन्न भएको नैराश्यतालाई उनीहरूले आफ्ना अभिभावकहरूलाई राम्रोसँग बुझाउन सके, सन्तानको विचार र बुझाइलाई अभिभावकहरूले पनि मन पराए र उनीहरूले मत परिवर्तन गरे", प्राचार्य केसीले भन्नुभयो ।

त्यसैगरी, जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोबाका ७१ वर्षीय झकबहादुर गर्बुजाले विदेशमा रहेका आफ्ना छोराले यसपटक पुनलाई भोट दिन आग्रह गरेपछि आफूले पहिला भोट दिंदै आएको पार्टीलाई नदिई पुनलाई नै भोट दिएको बताउनुभयो । "वर्षौंदेखि एउटै पार्टीलाई भोट दिनुभयो, खै के पाउनुभयो र? तपाइँहरू गाउँमा दुःख गर्ने, हामीले विदेशमा रातदिन नभनी काम गर्नुपर्ने अवस्थामा परिवर्तन भएन । यस पटक भोट परिवर्तन गर्नुहोला बुबा ! छोराको यो भनाइले आफ्नो मन छोएपछि भोट परिवर्तन गरेर महावीर पुनलाई हालेँ", उहाँले भन्नुभयो ।

राजनीतिक दल र नेताहरूप्रतिको नैराश्यता र सन्ततिहरूको दबाबका कारण यसपटक म्याग्देली जनताले मत परिवर्तन गरेर भारी मतले स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताएका छन् । प्रतिनिधिसभा सदस्यका लागि एउटा मात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा पुन १४ हजार ९३१ को फराकिलो मतान्तरसहित निर्वाचित हुनुभएको हो । निर्वतमान शिक्षामन्त्री समेत रहनुभएका पुनले २२ हजार ८५० मत प्राप्त गर्दै विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले बताउनुभयो । उहाँका प्रतिस्पर्धी एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी)ले छ हजार ६७३ मत र नेकपाका अर्जुन थापाले तीन हजार ५३० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत थापाले बताउनुभयो ।

*बाँकी तेश्रो पेजमा*

# गोरखामा माइक्रो दुर्घटना हुँदा ७ जनाको मृत्यु, मृतक सबै भारतीय

**भञ्ज्याङ समाचारदाता/आँबु**

गोरखाको मनकामना मन्दिर दर्शन गरेर फर्कंदै गरेका तीर्थयात्री बोकेको माइक्रो बस दुर्घटनामा ७ जनाको मृत्यु भएको छ । मृतक दुई महिला र पाँच पुरूष रहेका छन् । मृतकहरू मनकामना दर्शन गर्न आएका भारतीय नागरिक रहेको प्रहरीले जनाएको छ ।

सहिद लखन-३ कान्टारमा



सडकबाट करिब डेढ सय मिटर तल खसेर बागमती प्रदेश ००६ ख ८४३० नम्बरको माइक्रो बस दुर्घटना भएको हो ।

उक्त माइक्रोमा मनकामना दर्शन गर्न आएका १४ जना तीर्थयात्री र चालक र सहचालक गरेर १६ जना रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरखाका प्रमुख सुरज अर्यालले जानकारी गराए ।

यस्तै, घटनास्थलमा उद्धारमा खटिएका शहिद लखन गाउँपालिका वडा नम्बर ३ का अध्यक्ष दिपक पाण्डेका अनुसार गाडीमा १५ जना भारतीय नागरिक सवार थिए । तीमध्ये ७ जनाको घटनास्थलमै ज्यान गएको हो भने बाँकी ८ जनाको उद्धार गरिएको छ । घाइतेमध्ये ७ जनाको आँबुखैरेनीस्थित अस्पतालमा उपचार भइरहेको छ भने गम्भीर घाइते अर्का एकको थप उपचारका लागि भरतपुर रिफर गरिएको छ।

अन्य घाइतेहरूको अवस्था सामान्य रहेको बताइएको छ । घटनास्थलमा रहेका केही शव निकाल्न सशस्त्र प्रहरीको टोली खटिएको थियो । वडाध्यक्ष पाण्डेका अनुसार राति करिब ८ बजे दुर्घटना भएको हो । गाडी सडकबाट करिब १५० देखि २०० मिटर तल खसेको छ ।

ओरालो बाटोमा ईभी गाडी तातेर ब्रेक फेल हुँदा दुर्घटना भएको हुन सक्ने अनुमान गरिएको छ । 'बाटो बन्दै गरेको र ढलान पनि त्यस्तै छ । बाटो निकै ठाडो र अप्ठ्यारो छ', उनले भने, 'त्यसमाथि पानी पनि परिरहेको छ । ब्रेक नलागेरै (ब्रेक फेल) गाडी खसेजस्तो लाग्छ ।' रूट बाहिरको गाडी भएका कारण पनि बाटोबारे ज्ञान नभएको हुन सक्ने अनुमान गरिएको छ ।

# निर्वाचन परिणाम : आशा, आक्रोश र आवेगको मिश्रण

प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भई परिणाम समेत आइसकेको छ । निर्वाचन परिणामले नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र मधेशवादी दललाई मूर्छित बनाएको छ । झन्डै दुई तिहाइ बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी भने आगामी दिशाबारे विमर्शमा छ।

सत्ता प्राप्तिको अप्राकृतिक खेल र गठबन्धनबाट दिक्क भएका जनताले अबको पाँच वर्ष एकमना सरकार बन्ने भयो भनेर सन्तोषको सास फेरेका छन् । विश्वास गर्ने हो, आउने सरकारले राम्रै गर्छ । विश्वास आर्जन गर्ने काम सरकार हाँक्नेहरूको हो अन्यथा पाँच वर्षपछि यिनीहरूको पनि हविगत हुने उस्तै नै हो।

देशको सत्ता समीकरणमा उलटपुलट ल्याएको यो निर्वाचनले केही महत्वपूर्ण सन्देश दिएको छ । यो लेखमा बुँदागत रूपमा ती सन्देशबारे छोटो विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**भाषण होइन, काम हेर्न चाहन्छन् जनता**

कांग्रेस, एमाले र नेकपाले आकाश–पाताल जोड्ने भाषण प्रशस्तै गरे । २०४८ देखि २०८२ को आम निर्वाचनसम्म आइपुग्दा जनताले अनुभूत गर्ने गरी बोलेका कुरा पूरा गर्न सकेनन् । दलहरूले केही पनि गरेनन् भन्ने भाष्य सत्य होइन । तर जति आश्वासन दिए सबै पूरा गर्न सकेनन्। कामभन्दा भाषण बढी गरे। सपना देखाइरहे विपनामा सक्रियता देखाएनन् ।

रास्वपा सभापति रवि लामिछाने पनि भाषणमा कम होइनन् । अझ आवेग र आक्रोश मिश्रित उत्तेजित भाषण गर्न माहिर छन् उनी। तर यो दलका प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवारको छोटो र जनबोलीको भाषाले लोभ्यायो जनतालाई। उनले भनिरहे– म भाषण गर्न आएको होइन, काम गर्न आएको हुँ । त्यसैले धेरै बोल्नु छैन। विशाल आमसभामा समेत ३ मिनेटमा आफ्नो सन्देशमूलक भाषण सके उनले ।

**पात्र, प्रवृत्ति र चरित्र नहेरिएको निर्वाचन**

यो निर्वाचनमा मतदाताले शायदै उम्मेदवारको बारेमा सोधपुछ गरे। उम्मेदवारको पृष्ठभूमि, योग्यता, चरित्र आदिको बारेमा जान्न आवश्यक नै ठानेनन् मतदाताले । कैयौं उम्मेदवारले जिल्लाको विकास निर्माणको नेतृत्व गरेका थिए । उनीहरू जनताको समस्याका बारेमा भलिभाँती जान्दथे र ती समस्या समाधानका लागि जिल्लामै बसेर निरन्तर खटिरहेका पनि थिए । तर यो निर्वाचनमा उनीहरूले लज्जास्पद हार बेहोरे । कारण उनीहरू कांग्रेस, कम्युनिस्ट वा मधेशवादी दलबाट उम्मेदवार भए ।

नेपाली जनता कांग्रेस, एमाले, नेकपा र मधेशवादी दलभित्रको बेथिति, अस्तव्यस्तता र मौलाउँदै गएको आसेपासेवादबाट वाक्क भएका थिए । सरकारमा एकपटक यीभन्दा बाहिरका दलबाट प्रतिनिधित्व भएको हेर्न चाहन्थे मतदाता । त्यसैले जनताले कतै बालेनको नाममा भोट दिए त कतै घण्टीको नाममा। उम्मेदवारी नै खारेज भएको क्षेत्रमा समेत बहुमत उसैलाई दिए ।

**दल र सरकार दुवैमा युवाको नेतृत्व देख्न चाहन्छन् जनता**

रास्वपा युवाले नेतृत्व गरेको दल हो। त्यहाँ जे निर्णय हुन्छ युवाकै वर्चस्वमा हुन्छ । रास्वपाले यस पटकको निर्वाचनमा प्रशस्तै युवालाई उम्मेदवार बनाएको थियो। प्रस्तावित प्रधानमन्त्री बालेन ३६ वर्षे युवक हुन् । यस कारण पनि युवाहरूको रोजाइ रास्वपा हुन पुग्यो ।

युवाको नेतृत्व त कांग्रेसमा पनि आएको थियो । तर यो नेतृत्व नियमित प्रक्रियाबाट स्थापित भएको थिएन । युवाहरूको जबरजस्त विद्रोहबाट अस्वाभाविक भएको थियो । दलका करिब ४५ प्रतिशत नेता–कार्यकर्ता यो प्रक्रियासँग सहमत नहुँदा नहुँदै स्थापित भएको नेतृत्व हो यो ।

कांग्रेसमा स्थापित युवाको नेतृत्वले उसका कार्यकर्ता र केही हदसम्म नेपाली जनतालाई उत्साहित नबनाएको होइन । तर अत्यन्त कम समय, विशेष महाधिवेशनका विपक्षमा रहेकाहरूको युवा नेतृत्वलाई देखाइदिने क्रियाकलाप आदिका कारण कांग्रेसले अपेक्षित परिणाम प्राप्त गर्न सकेन ।

एमाले र नेकपामा युवाहरू नभएका होइनन् । तर उनीहरूको सोच, विचार र चाहना अनुसारको निर्णय हुँदैन ती दलमा।

> जनताले २०७९ को निर्वाचनमै कांग्रेस, एमाले, माओवादी र मधेशवादी दललाई सुध्र कि सकिन तयार होऊ भनेर सङ्केत गरेकै थिए । तर उनीहरू झन् बिग्रिए । यसैको प्रतिफल हो निर्वाचन परिणाम ।
>
> डा. बलराम तिमल्सिना



नेकपा एमालेमा गोकर्ण विष्ट, पद्मा अर्याल, योगेश भट्टराई, शंकर पोखरेल, बिन्दा पाण्डे, गोकुल बास्कोटा, विष्णु पौडेल र प्रदिप ज्ञवालीहरू सुनिन पनि मसिनु सुनिन्छन्, लिखितमा देखिन त परै जाओस् । माओवादीका देव गुरूङ, पम्फा भुसाल, शशि श्रेष्ठ, लीलामणि पोखरेल, वर्षमान पुन, लेखनाथ न्यौपाने, गिरिराजमणि पोखरेलहरू न सुनिन्छन् न दलको निर्णयमा देखिन्छन् ।

खासगरी वामपन्थी दलका निर्णयहरूमा त्यस्तो नेतृत्व हावी भएको छ जो आफूलाई सर्वज्ञ र सर्व दृष्टिवाला ठान्छ । आफूले देखेको र जानेको कुरा नै अन्तिम सत्य मान्छ र विना छलफल, विना वादविवाद, विना प्रश्नोत्तर निर्णयहरू गराउँछ र लागू गर्न फर्मान जारी गर्छ । जनताको इच्छा ठिक विपरीत छ । जनता भन्छन्, तिमीहरूले २०४८ देखि अनवरत नेतृत्व गर्‍यौ, अब अवकाश लेऊ। अभिभावकको भूमिकामा बस र युवाहरूलाई सम्पूर्ण रूपमा नेतृत्व सुम्प ।

**जनताको आँखामा कांग्रेस, एमाले, माओवादी र मधेशवादी उस्तै देखिए**

पुराना भनिने यी दलहरूले आफूलाई जे–जस्तो विशेषण दिए पनि जनताले सबै दललाई एउटै डालोमा हालेको देखियो। हुन पनि हो आजसम्मको बेथिति, कुशासन, भ्रष्टाचार, कमजोर सेवा प्रवाह, लाभका पदमा दलीय भागबण्डा आदि यी सबै दलमा देखियो । पाउँदा र आफू भान्सामा हुँदा कसैले छोडेनन् । यी दलहरू कति अलोकप्रिय भइसकेका रहेछन् भन्ने त उनीहरूले पाएको मतले नै देखाइहाल्यो ।

संसद्मा यी पुराना भनिने दलहरू विगतमा कहिले सत्ता पक्षको बेञ्चमा बसे होलान्, कहिले प्रतिपक्षको बेञ्चमा । तर २०४८ देखि आजसम्म सत्तामा यिनीहरूले नै आलोपालो गरिरहेकोले जनताको नजरमा यी सबै दलहरू राज्य सञ्चालक र संस्थापन पक्षका दलहरू हुन् । प्रतिशतमा घटबढ भए पनि आजसम्मको बेथितिको भागीदार यी सबै दलहरू हुन् ।

**काम गरेन परम्परागत प्रचार शैलीले**

यो निर्वाचनले स्पष्ट भन्यो कि, ठूलाठूला आमसभा गरेर, केन्द्रबाट नेताहरू खटाएर, टोल र गाउँका नेताहरूलाई भेटेर वा परिचालन गरेर भोट बढ्ने वाला छैन । अब त यस्ता क्रियाकलापले मत झन् झन् घट्छ । टोलको अगुवाले कसैलाई भोट दिन छिमेकीहरूलाई भन्यो भने के फाइदा लिइस् तैंले भन्ने जमाना आएको छ । विगतमा जनता आफ्नो उम्मेदवारलाई आफ्नै घरदैलोमा आफैं भेट्न चाहन्थे । आफ्ना समस्या, गुनासा र सरोकारका विषयहरू उम्मेदवारका कानमा आफैं सुनाउन चाहन्थे ।

तर, यस पटक सामाजिक सञ्जालले सबै किसिमका प्रचारशैलीलाई उछिन्यो। सबैका हातमा इन्टरनेट सहितको मोबाइल फोन भएको अवस्थामा टिकटक, रिल्स, स्टोरी, फेसबुक आदि चुनाव प्रचारका साधन बने । कतिपय उम्मेदवारले प्रतिस्पर्धीका बारेमा झुटा सूचना फैलाएर चुनाव आफ्नो पक्षमा पार्ने प्रयास गरेको समेत पाइयो । अबका निर्वाचनमा यी माध्यम अझ सशक्त र प्रभावकारी रूपमा प्रयोग हुनेछन् ।

**मतदातालाई मतलब छैन भ्रातृ संगठन र पद**

राष्ट्रिय स्वतन्त्र पार्टी बाहेक अन्य सबै दलका भ्रातृ संगठनहरू यति छन् कि गाउँका सबैलाई कुनै न कुनै पद बाँड्न पुग्छ । शिक्षक, युवा, विद्यार्थी, किसान, मजदुर, कर्मचारी, पूर्व सेना, विभिन्न जातीय संगठनहरू गिन्ती गरेर साध्य छैन यिनीहरूका भ्रातृ र शुभेच्छुक संगठनहरू ।

तर, अहिले करिब दुई तिहाइ मत प्राप्त गर्ने रास्वपा र पूर्वमा समानुपातिक मतमा कांग्रेस–एमालेलाई पछि पारेको श्रम संस्कृति पार्टीको न कुनै भ्रातृ संगठन छन् न वडासम्म समिति निर्माण गर्न नै भ्याएका थिए । जनता भने यिनकै पक्षमा उर्लिए । जनताले चाहँदा न सदस्य चाहिंदो रहेछ न कुनै समिति । न कुनै शुभेच्छुक संस्था चाहिने रहेछ न भ्रातृ संस्था । विना सदस्य, विना पद, विना संगठन पनि भोट ओइर्‍याउँदा रहेछन् भन्ने उदाहरण हो यो निर्वाचन ।

त्यसैले यो निर्वाचनको अर्को महत्वपूर्ण सन्देश यी अनावश्यक भ्रातृ र शुभेच्छुक संस्थाहरू खारेज गर भन्ने पनि हो । यस्ता संस्थाका सदस्यहरूले आफ्नो प्रमुख जिम्मेवारीका काम नगरेर दलको काममा खटेको देख्दा सर्वसाधारण जनताको उक्त दलप्रतिको आस्था र विश्वास खस्कँदै गएको छ ।

**जनता भन्छन्– भ्रष्टाचारी र व्यभिचारीप्रति कठोर बन**

पूर्ण लोकतन्त्र, वाक् स्वतन्त्रता र स्वतन्त्र सञ्चारमाध्यम भएको नेपाल जस्ता देशमा साना–साना अनियमितता समेत समाचारमा आउँछन्, जुन लोकतन्त्रको सुन्दर पक्ष हो । भ्रष्टाचारको आरोप लागेका वा अदालतले प्रमाणित गरेकालाई सम्बन्धित दलले कस्तो व्यवहार गर्छ भनेर जनता हेरिरहेका हुन्छन् ।

कम्युनिस्ट देश हुन् वा पश्चिमा देशहरू, त्यहाँ जुनसुकै पदको व्यक्ति होस् भ्रष्टाचारमा मुछियो भने दलले कारबाही गर्छ र त्यस्तो नेतालाई पद दिएर अगाडि बढाएकोमा जनतासँग माफी माग्छ ।

तर, हाम्रोमा भ्रष्टाचार प्रमाणित भएर जेल परेका नेता जेलबाट छुट्दा दलका नेता–कार्यकर्ता फूलमाला लिएर स्वागत गर्न पुग्छन् अनि नेतृत्वमा पुनः स्थापित गर्छन् । विभिन्न काण्डहरूमा मुछिएको व्यक्तिलाई दलले उम्मेदवार बनाउँछ । संसद्मा कुरा उठ्यो भने प्रतिवादमा उत्रन्छ। त्यसैले यो निर्वाचनको अर्को सन्देश सबै राजनीतिक दलहरू भ्रष्टाचारी र व्यभिचारीप्रति कठोर बन र त्यस्ता व्यक्तिलाई दलको ढोका बन्द गर भन्ने पनि हो ।

**दर्शन, सिद्धान्त र विचारप्रतिको विकर्षण**

कांग्रेस र कम्युनिस्ट जनहितकारी, लोकतान्त्रिक मूल्य, मान्यता र संस्कृति अनुरूपको दर्शन, विचार, सिद्धान्त र नीतिलाई आधार मानेर स्थापना भएका दलहरू हुन् । तर व्यवहारमा लागू भएको देखिंदैन । तर, वैकल्पिक शक्ति भनिने दलहरूको दर्शन, सिद्धान्त के हो ? राज्य प्रणाली कस्तो हुने हो ? अर्थ व्यवस्था, परराष्ट्र नीति, शिक्षा नीति आदि कस्ता हुने हुन् ? स्पष्ट र बुझिने गरी कहीं व्याख्या विश्लेषण गरेको पाइँदैन । संविधान र संघीयताका बारेमा नेतापिच्छे फरक धारणा सुनिन्छ ।

काम कसरी गर्ने, कुन पद्धति अपनाउने, स्रोत र साधन कसरी जुटाउने, मित्र राष्ट्रहरूसँगको सम्बन्ध केका आधारमा अगाडि बढाउने, वैदेशिक सहायता के–कस्तो अवस्थामा स्वीकार गर्ने वा नगर्ने आदिको बारेमा कुनै स्पष्टता देखिंदैन ।

तर पनि मतदाताहरू समाजवादी वा साम्यवादी, प्रजातान्त्रिक वा लोकतान्त्रिक कुनै दर्शन, सिद्धान्त वा विचारको पछि लाग्न रूचि राख्दैनन् भन्ने प्रमाणित गर्‍यो यो निर्वाचनले । आशा गरौं, रास्वपाको नेतृत्वलाई राज्य सञ्चालन गर्न लोक रिझाउने भाषणले मात्र पुग्दैन भन्ने कुरा जानकारी छ। विश्वास पनि गरौं– यो दलले आगामी दिनमा आफ्ना सैद्धान्तिक र वैचारिक धरातल स्पष्ट पार्दै एक जिम्मेवार दलको रूपमा राज्य सञ्चालन गर्नेछ ।

**युवा चाहना– सुशासन, भ्रष्टाचारमुक्त प्रशासन र रोजगारी**

युवामा आक्रोश छ– देशमा भ्रष्टाचार व्याप्त छ, देश कुशासनमा डुबेको छ, नियम, कानून र विधिले काम गर्दैन ।

नेपालको संविधानले सबै नागरिकलाई रोजगारीको हक प्रदान गरेको मात्र होइन, प्रत्येक नागरिकलाई रोजगारीको छनोट गर्न पाउने हक समेत व्यवस्था गरेको छ। तर व्यवहारमा जस्तोसुकै काम पाए पनि गर्छु भन्ने लाखौं नागरिक बेरोजगार छन्। निजामती, प्रहरी, सेना, शिक्षक र केही संस्थानमा खुल्ने केही हजार रोजगारी बाहेक अन्यत्र कहाँ पाइन्छ जागिर नेपालमा ? सानोतिनो उद्योग व्यवसाय, व्यापार, खेती गरेर परिवार पाल्छु भन्नेहरूले भोग्नुपर्ने नियति त किसानका उत्पादनले उचित मूल्य नपाएर वा नबिकेर फालिएको अवस्थाले स्पष्ट पार्छ ।

वित्तीय संस्थाबाट ऋण लिएर केही गर्छु भन्ने युवाहरूको चर्को व्याजको कारण प्रगति हुनु त परै जाओस् भएको पैतृक सम्पत्ति पनि धितो लिलाम भएर सडकमा आइपुगेका हजारौं उदाहरण छन् ।

**शिक्षा र स्वास्थ्य नि:शुल्क**

युवाले उठाएको अर्को मुद्दा हो नि:शुल्क शिक्षा र स्वास्थ्य उपचार पाउने संवैधानिक प्रावधानको कार्यान्वयन । हामीले देखेका छौं, कसैका छोराछोरी मासिक १ लाख शुल्क तिरेर महङ्गो विद्यालयमा पढ्छन् भने कोही विद्यालयको पोशाक, कापी र कलम किन्न नसकेर विद्यालय छाड्न बाध्य छन् ।

यस्तो विभेदकारी शिक्षा अस्तित्वमा रहुञ्जेल भोलि ती दुवै वर्गले एकै किसिमको रोजगारी पाउने, समान आय आर्जन गर्ने र एउटै स्तरको जीवनयापन गर्ने सुनिश्चितता कसरी हुन्छ ? अनि यही परिपाटीको पालनपोषण गर्ने दललाई कसरी भोट दिन सकिन्छ भनेर युवादेखि प्रौढसम्मले प्रश्न गर्न थालिसकेका थिए । जनताले उठाउने अर्को विषय हो स्वास्थ्य सेवा । नेपालमा कतिपय सुविधासम्पन्न अस्पताल छन्, जहाँ एकरात बिरामी सुतेको मात्र १५ हजारभन्दा बढी तिर्नुपर्छ । सरकारी अस्पतालमा समेत उपचारका लागि सर्वसाधारणलाई बेड पाउन मुश्किल छ ।

रास्वपाको सरकार बन्यो भने खल्तीमा

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ योजना सुरु गर्न सकिने संकेत देखिन्छ। आफन्त तथा साथीभाइबाट सहयोग मिल्नेछ।

**वृष**
खर्च बढ्ने, आर्थिक विषयमा सावधानी अपनाउनु राम्रो हुन्छ। काममा धैर्य आवश्यक पर्न सक्छ।

**मिथुन**
सामाजिक गतिविधिमा सहभागिता बढ्ने देखिन्छ। नयाँ अवसर प्राप्त हुन सक्छ।

**कर्कट**
परिश्रमअनुसार फल प्राप्त हुने संकेत छ। वरिष्ठ व्यक्तिहरूबाट प्रशंसा प्राप्त हुन सक्छ।

**सिंह**
आज यात्राको योग देखिन्छ। धार्मिक वा सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्न सक्छ।

**कन्य**
स्वास्थ्यप्रति सजग रहनु राम्रो हुनेछ। आर्थिक विषयमा सोचविचार गरेर निर्णय लिनु आवश्यक छ।

**तुला**
वैवाहिक जीवनमा समझदारी बढ्ने देखिन्छ। व्यापार तथा पेशागत क्षेत्रमा राम्रो अवसर आउन सक्छ।

**वृश्चिक**
प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्ने सम्भावना छ। काममा लगनशीलता देखाए राम्रो परिणाम प्राप्त हुनेछ।

**धनु**
अध्ययन, कला र मनोरञ्जनका क्षेत्रमा प्रगति देखिन्छ। प्रेम सम्बन्धमा मधुरता आउन सक्छ।

**मकर**
पारिवारिक विषयमा ध्यान दिनुपर्ने दिन छ। घरायसी काममा ब्यस्तता बढ्न सक्छ। सम्पत्तिमा लाभ मिल्ने संकेत छ।

**कुम्भ**
संचार र भेटघाटको दिन बन्न सक्छ। छोटो यात्रा हुने सम्भावना छ। नयाँ जानकारी तथा अनुभव प्राप्त हुने देखिन्छ।

**मीन**
आर्थिक पक्षमा सुधार हुने संकेत छ। बोल्ने शैली प्रभावकारी हुने भएकाले काम बन्ने सम्भावना छ।



**म त लालिगुराँस भएछु ..... :** लमजुङको राइनास नगरपालिका-९ मा रहेको ऐतिहासिक राइनासकोटमा लालिगुराँस फुलेर रात्तैदेखिएपछि पृष्ठभूमिमा लालिगुराँस राखेर तस्विर खिचाउँदै आन्तरिक पर्यटक । लालिगुराँससंग तस्विर खिचाउन, टिकटक बनाउन र यहाँको प्राकृतिक सौन्दर्य अवलोकन गर्नका लागि शनिबार लमजुङ, तनहुँ, गोरखा लगायतका जिल्लाबाट हजारौंको संख्यामा आन्तरिक पर्यटकहरू राइनासकोट पुगेका थिए । ग्रामीण पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै लगिएको राइनसकोटमा भुकम्पबाट भत्किएका घर पुनर्निर्माण गरी १४ घरमा घरवास सञ्चालन गरिएसंगै पर्यटक पुग्न थालेका छन् । *तस्विर : भञ्ज्याङ*

# निर्वाचन परिणाम : आशा, .......

पैसा नहुनेले पनि गुणस्तरीय शिक्षा र बिरामी हुँदा उपचार पाउँछन् भन्ने बालेनको वाक्यले सर्वसाधारणको मन जितेको छ । यही कुरा अन्य दलले पनि भनेका थिए तर विगतमा बोलेका वचन पूरा नगर्ने व्यवहारका कारण जनताले पत्याएनन् ।

**सन्तानको अभिमतलाई अभिभावकको अनुमोदन**

कारण जेसुकै होस्, यसपटक युवाहरु रास्वपाप्रति आकर्षित भए। खासगरी वैदेशिक रोजगारीमा रहेका युवा मतदाताले आफ्ना बा–आमा, श्रीमान–श्रीमतीलाई अनुरोध गरेर हुन्छ कि, घुर्क्याएर हुन्छ मत परिवर्तन गराए । कतिपयले त अन्यथा गरे पैसा नपठाउने वा घर नआउने जस्ता कठोर निर्णय समेत सुनाए । उनीहरूको बढी आशा केही छैन मात्र, देशमै रोजगार भएर परिवारसँग बस्न पाए हुन्थ्यो भन्ने हो । यो पटक प्रौढ मतदाताले पनि मौन रूपमा तर खुसीका साथ सन्तानको भनाइ माने र घण्टीमा छाप लगाए। आशा गरौं नयाँ सरकारले उनीहरूको चाहना पूरा गर्नेछ। विदेशिएका युवा चाँडै स्वदेश फर्कने छन् र रोजगार हुनेछन् ।

**समान र सुलभ न्याय**

संविधानमा 'सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन' भनिएको छ । तर के हामी सबैलाई यो प्रावधान समान र निष्पक्ष रूपमा लागू भएको छ ? समान कसुर र गल्तीमा के सबैले समान दण्ड सजाय पाएका छन् ? एउटै प्रकृतिको कसुर र अपराधमा व्यक्तिको आर्थिक हैसियत, राजनीतिक दलका नेता तथा उच्च पदस्थ कर्मचारी, प्रहरी आदिसँगको सम्बन्ध र पहुँचका आधारमा दण्ड सजाय फरक–फरक हुन्छ ।

अझ न्याय प्राप्तिमा हुने ढिलाइ त कुरा गरिसाध्य छैन । तल्लो अदालतको निर्णयानुसार व्यक्ति दशौं वर्ष जेल बस्छ अनि जेल भुक्तानी हुने बेलातिर माथिल्लो अदालतले निर्दोष प्रमाणित गरिदिन्छ। उसको लागि यो न्यायको के अर्थ ! यस पटक रास्वपाले न्यायालय पुनर्संरचनाको कुरा पनि उठाएकोले जनता त्यसप्रति आकर्षित भएको पाइयो ।

**अन्त्यमा**

संविधानको व्यवस्था कार्यान्वयनमा ढिलाइ, राजनीतिक दल र नेताहरूको बोलाइ अनि गराइको फरकले युवादेखि वृद्धसम्म एक प्रकारको निराशा छाएको छ। डाक्टर, वकिल, शिक्षक, पत्रकार कर्मचारी लगायत सम्पूर्ण क्षेत्रमा जरा गाडेको राजनीतिक ध्रुवीकरण र यसले सार्वजनिक सेवा प्रवाहमा पारेको नकारात्मक असरले सबैलाई आजित बनाएको छ । जनतामा सरकार, राजनीतिक दल, नेता तथा नेपालको कर्मचारीतन्त्र प्रति आक्रोश र वितृष्णा छ भने राज्यले उपलब्ध गराउने सेवा, सुविधा र अवसरमा पनि असन्तुष्टि ।

यी सबै बेथिति भोगेका जनताले २०७९ को निर्वाचनमा नै कांग्रेस, एमाले, तत्कालीन माओवादी र मधेशवादी दललाई सुध्र कि सकिन तयार होऊ भनेर संकेत गरेकै थिए । तर उनीहरु झन् बिग्रिए, सुध्रिएनन् । नेल्सन मण्डेला भन्नुहुन्थ्यो– यदि नागरिकमा राज्यप्रतिको आड, भरोसा र विश्वास गुम्न थाल्यो भने राज्य असफलताको बाटोमा अगाडि बढ्छ । नेपालीका लागि अहिले सबभन्दा गम्भीर विषय यही हो । अनलाइनखबरबाट

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# विदेशमा सन्तान : ......

म्याग्दीमा स्वतन्त्रसहित १२ जना चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो । म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो।

**पकड क्षेत्रमै आएन दललाई भोट**

यसपटको निर्वाचनमा कांग्रेस, एमाले र नेकपालाई आफ्नो बलियो पकड भएको भनिएका ठाउँहरूबाट नै भोट नआएपछि चिन्तित बनाएको छ । धवलागिरि गाउँपालिकाको लुलाङ, मुदी, मराङ, ताकम र मङ्गला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका एमालेका बलियो पकड र सङ्गठन भएका क्षेत्र हुन् । एमाले नेताहरूले यी क्षेत्रलाई आफ्नो 'कोर एरिया' भन्ने गरेको भए पनि लुलाङ बाहेकका वडामा यसपटक कमजोर देखियो भने नेपाली कांग्रेसले मल्कवाङमा सबैभन्दा धेरै मत ल्याए पनि अन्य वडामा निकै खुम्चियो ।

जिल्लाभर विगतमा राम्रो मत ल्याएका दलहरूलाई प्रत्यक्षतर्फ स्वतन्त्र उम्मेदवार र समानुपातिकमा सबै वडामा रास्वपाले अग्रस्थान मत पायो । एमालेका उम्मेदवार श्रेष्ठ, नेकपाका उम्मेदवार अर्जुनबहादुर थापाले आफ्नै वडामा अग्रता लिन सक्नुभएन भने कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले आफ्नो वडा रघुगङ्गा गाउँपालिकाको भगवती, पिप्ले र कुइनेमङ्गलेमा अग्रता लिनुभयो । भण्डारीको भगवती र पिप्लेको अग्रताले राहत मिले पनि अन्य वडामा कमजोर देखियो ।

यहाँ मात्र होइन, धेरै जसो वडामा प्रत्यक्षमा स्वतन्त्र उम्मेदवार पुनले र समानुपातिकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अग्रणी मत ल्याउँदै विजयी भए । एमाले र कांग्रेसले आफ्नो गढ मानिरहेकामा मतको रूझान हेर्दा यसपटक दलहरूको अवस्था नराम्रोसँग बिग्रिएको देखिएको म्याग्दी बहुमुखी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापाले बताउनुभयो । "यसपटक स्वतन्त्रलाई प्रत्यक्षमा र समानुपातिकमा रास्वपालाई रोजेका मतदातालाई पुरानै लयमा फर्काउन दलहरूले निकै मेहनत गर्नुपर्ने हुन्छ भने नयाँ दललाई समेत प्राप्त जनमत जोगाउने उत्तिकै चुनौती छ", थापाले भन्नुभयो ।

पालिका र वडामा आफ्ना जनप्रतिनिधिले नै मतदातालाई आश्वस्त पार्न नसक्दा उम्मेदवारले सोचेजस्तो मत पाउन नसकेका राजनीतिक समीक्षक यादव रिजालले बताउनुभयो। आशा गरेका मतदान केन्द्रबाटै स्वतन्त्र उम्मेदवार पुनले अग्रता लिएपछि माथि उठ्नै नसक्ने गरी दलहरूले कमजोर नतिजाको सामाना गर्नुपरेको उहाँको भनाइ थियो ।

यसपटक समानुपातिकमा रास्वपाको र प्रत्यक्षतर्फ स्वतन्त्रबाट विजयी महावीरको 'क्रेज' र त्यसको प्रभावमा दलका उम्मेदवार परेको जानकारहरु बताउँछन् । "स्वतन्त्रलाई प्रत्यक्षमा हालेर समानुपातिकमा पार्टीलाई मत आउने दलहरूको अपेक्षामाथि नराम्रोसँग कुठाराघात भएको देखियो" रिजालले बताउनुभयो। दुईवटा प्रदेशसभा सदस्य रहेको नेकपाले त जमानत जोगाउन आवश्यक पर्ने खसेको मतको १० प्रतिशत समेत ल्याउन सकेन । म्याग्दीमा २०७९ सालमा कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्बीर) ले प्रतिनिधिसभा सदस्यमा २४ हजार २१ मत ल्याएर विजयी हुनुभएको थियो। उहाँका प्रतिद्वन्द्वी एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार १८९ मत प्राप्त गर्नुभएको थियो ।

**आफ्नै कामले पहिचान बनाएका महावीर पुन**

म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिई अत्यधिक मतले विजयी भएपछि प्रतिनिधिसभा सदस्य बन्नुभएका महावीर पुन वैज्ञानिक, अनुसन्धानकर्ता एवं समाजसेवी व्यक्ति हुनुहुन्छ । २०११ माघ ५ गते म्याग्दी जिल्लाको नागी गाउँमा बुबा कृष्ण पुन र आमा पूर्वी पुनको छोराका रूपमा जन्मिएका पुनलाई नचिन्ने सम्भवतः अहिले कोही छैनन् । पुनले सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाको खोज र आविष्कार गर्ने उद्देश्यले 'राष्ट्रिय आविष्कार केन्द्र'को स्थापना गर्नुभएको थियो ।

हाल चितवनमा बस्दै आउनुभएका ७१ वर्षीय उहाँ राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पनि हुनुहुन्छ । पुनले सन् १९८९ मा पुनले नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गर्नुभएको थियो । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बन्नुअघि उहाँ वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनका लागि आफ्नै जीवनीमा आधारित पुस्तक 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' बेच्दै नेपालका विभिन्न ठाउँमा घुम्नुभएको थियो।

पुनले २०५८ देखि २०६४ सालको समयमा पोखरा, काठमाडौंलगायत सहर बजारमा सहज रूपमा कम्प्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका विद्यालयहरूमा कम्प्युटर शिक्षाको सुरूआत र ताररहित इन्टरनेट सुविधा विस्तार गरेर संसारकै ध्यानाकर्षण गर्नुभएको थियो । पुनले ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकामा सन् २००७ मा एसियाको नोबल पुरस्कारका रूपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गर्नुभयो ।

साथै, पुनले सन् २००२ मा अशोका फेलोसिप, इन्टरनेट हलअफ फेम, नेपाल सरकारबाट भवन कृत्तिरत्नसहित रू १० लाख नगद र गण्डकी प्रदेश सरकारबाट गण्डकी रत्न अवार्ड प्राप्त गर्नुभएको छ । रासस

**विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

ब्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**नसर्ने रोगहरूको पहिचानका लागि अभियान - २०८२**

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ ।

यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस् ।

मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
मिर्गौला सम्बन्धी रोगको जाँच
रक्तचाप (ब्लडप्रेसर) मापन
उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
दमौली, तनहुँ, नेपाल

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.ड.द.नं. २/२०७८/०७९
२०८२ चैत्र ०१, आइतबार
March 15, 2026



**बाँसको चोयाबाट घरायसी सामाग्री** : तनहुँको बन्दीपुर गाउँपालिका-५ भुजेल गाउँमा बाँसको चोयाबाट घरायसी सामग्री नाङ्लो बनाउँदै महिला । ग्रामीण भेगमा परम्परागत रूपमा प्रयोग गरिँदै आएको बाँसको चोयाबाट बुनिएका नाङ्लो, डोको, डालो थुन्से, भकारीलगायतका सामग्रीहरु बेचेर यहाँका महिलाले आयआर्जन गर्दै आइरहेका छन् । *तस्बिरः सागर गिरी/रासस*

# स्थानीय आवाज सशक्त बनाउन सामुदायिक रेडियोको भूमिकामाथि जोड

**भञ्ज्याङ समाचारदाता/दमौली**

सामुदायिक सञ्चारको सुदृढीकरण र स्थानीय आवाजलाई अझ प्रभावकारी बनाउने उद्देश्यसहित सामुदायिक रेडियो प्रसारक संघ नेपाल (अकोराव) गण्डकी प्रदेशको छैटौं साधारणसभा शनिबार तनहुँको दमौलीमा सम्पन्न गरिएको छ । गण्डकी प्रदेश समितिद्वारा आयोजित कार्यक्रममा प्रदेशभरका सामुदायिक रेडियोका प्रतिनिधिहरु सहभागी भएका थिए।

देशभर सञ्चालनमा रहेका तीन सय पचासभन्दा बढी सामुदायिक रेडियोहरूको साझा संस्था अकोराव अन्तर्गत गण्डकी प्रदेशका रेडियो प्रतिनिधिहरूले साधारणसभामा रेडियोहरूको वर्तमान अवस्था, चुनौती तथा आगामी रणनीतिबारे छलफल गरिएको थियो । विशेषगरी स्थानीय स्तरका सूचना, जनचासोका विषय र समुदायका आवाजलाई प्रभावकारी ढंगले प्रसारण गर्ने विषयलाई प्राथमिकतामा राखेर परामर्श गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले सामुदायिक रेडियोहरु स्थानीय जनताको आवाज अभिव्यक्त गर्ने प्रभावकारी माध्यम भएको बताए। उनले लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन सामुदायिक सञ्चार माध्यमहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे। स्थानीय तहका गतिविधि, विकास निर्माणका काम र जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई सामुदायिक रेडियोहरूले निरन्तर उठान गर्नुपर्नेमा उनले जोड दिए।

गण्डकी प्रदेशकी प्रेस रजिष्टार बिमला भण्डारीले सञ्चार माध्यमहरुले विश्वसनीय र जिम्मेवार पत्रकारिता गर्नुपर्ने आवश्यकता औंल्याइन्। उनले तथ्यमा आधारित समाचार र सन्तुलित प्रस्तुतीकरणमार्फत सञ्चार क्षेत्रको विश्वसनीयता कायम राख्नुपर्ने बताइन्। स्थानीय तहका सूचना, जनचासोका विषय तथा समुदायसँग सम्बन्धित मुद्दालाई प्राथमिकताका साथ उठान गर्न सामुदायिक रेडियोहरु सक्षम माध्यम भएको उनको भनाइ थियो।

साधारणसभामा अकोरावका पूर्व उपाध्यक्ष गोविन्द देवकोटा तथा अकोराव एशिया प्यासिफिकका उपाध्यक्ष सुवास खतिवडाले सामुदायिक रेडियोहरूको संस्थागत क्षमता अभिवृद्धिमा जोड दिएका थिए। उनीहरुले रेडियोहरूलाई प्रविधि, स्रोत साधन र दक्ष जनशक्ति व्यवस्थापनमा अझ सुदृढ बनाउन आवश्यक रहेको धारणा व्यक्त गरे।

पर्यटनविद् हरिसिंह गुरुङले ग्रामीण पर्यटन प्रवर्द्धनमा सामुदायिक रेडियोहरूको भूमिका उल्लेखनीय रहेको बताए। उनले स्थानीय पर्यटन सम्भावना, संस्कृति तथा परम्परागत जीवनशैलीलाई रेडियोमार्फत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको बताए।

वरिष्ठ पत्रकार गंगाधर पराजुलीले समयसापेक्ष, सकारात्मक र सन्देशमूलक कार्यक्रम उत्पादनमा सामुदायिक रेडियोहरूले विशेष ध्यान दिनुपर्ने बताए। समाजलाई सही दिशा दिने र जनतालाई उपयोगी सूचना प्रदान गर्ने कार्यक्रमहरु प्रसारण गर्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा अकोरावका केन्द्रीय सदस्य नविनराज पौडेलले सामुदायिक रेडियोहरूले स्थानीय भाषा, संस्कृति र पहिचान संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए। उनले समुदायसँग प्रत्यक्ष जोडिने माध्यमका रूपमा रेडियो अझ प्रभावकारी बन्न सक्ने सम्भावना रहेको उल्लेख गरे।

गण्डकी प्रदेश अध्यक्ष ओमकार आचार्यको सभापतित्वमा आयोजित कार्यक्रममा संघका पूर्व अध्यक्ष सुवास खतिवडा, कोषाध्यक्ष तुला अधिकारी, उपाध्यक्ष शान्ता थापा तथा दलित पत्रकार संघ गण्डकीका अध्यक्ष पूर्ण विकले पनि आ-आफ्नो धारणा राख्दै समावेशी सञ्चार अभ्यासलाई अझ मजबुत बनाउन सामुदायिक रेडियोहरूको भूमिका महत्वपूर्ण रहेको बताए। साधारणसभामा सामुदायिक रेडियोहरूको दिगोपन, क्षमता विकास, स्थानीय मुद्दाको प्रभावकारी उठान तथा सञ्चार क्षेत्रका समसामयिक विषयमा छलफल हुँदै नीतिगत निर्णयहरु समेत गरिएको बताइएको छ ।


## सामाजिक तथा साँस्कृतिक सद्भाव कायम राखौं ।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Surendra Pandey**
facebook.com/surendrapdpandey

जब जनताले मतपत्रबाटै "अस्वीकार"को कठोर फैसला सुनाइसकेका छन्, तब आफ्ना कार्यकर्तालाई सत्य बोलेको आधारमा 'कारबाही' को धम्की दिनु कतिसम्म बुद्धिमानी होला? यति ठूलो नैतिक पराजयपछि पनि अरूलाई कारबाही गर्ने 'नैतिक आधार' अब नेतृत्वसँग कति बाँकी छ?

नेकपा (एमाले) को पूर्ण संरचना र कार्यशैली 'रिसेट' गर्नुपर्ने बेला आइसकेको छ। यस्तो गम्भीर मोडमा पनि "सबै ठीक थियो, हामीलाई त फसाइयो" भन्ने निष्कर्ष निकाल्नु आफैँलाई धोका दिनु हो। मानौँ, कसैले फसायो होला, अन्तर्घात भयो होला- तर अन्तर्घातले ५-१० हजार मत तल-माथि होला। देखिएको ४०-५० हजारको मतान्तरलाई "फसाइएको" भनेर व्याख्या गर्नु जनताको विवेकको अपमान हो। यो कुनै षड्यन्त्र होइन, यो एमालेको वर्तमान सञ्चालन पद्धति र हठलाई जनताले पूर्ण रूपमा 'रिजेक्ट' गरेको सन्देश हो। अब पनि हामीले आफ्नो तरिका बदल्ने आँट गरेनौँ र "अरु असफल होलान् र फेरि हाम्रो पालो आउला" भन्ने सोचमै अल्झिरह्यौँ भने, त्यो पार्टी र देश दुवैका लागि घातक हुनेछ ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

विदेशीहरूको प्रवेश बिन्दु एयरपोर्ट हो। एयरपोर्ट कस्तो छ भन्ने कुराले देश कस्तो छ भन्ने पहिलो इम्प्रेसन दिन्छ।

औपचारिक पोशाकमा अध्यागमनका कर्मचारी, नगन्हाउने शौचालय, र लाइनमा बसेर मिटरमा जाने ट्याक्सी जस्ता सहजै सुधार गर्न सकिने कुरा पनि छन् है! काठमाडौ एयरपोर्टको भौतिक संरचनाको त नकुरा गरम्, अहिलेलाई!



**Tara Nath Dahal**
x.com/tndahal7

१) दैलेखबाट कहिलेदेखि ग्यास उत्पादन र बिक्री सुरु गर्ने?
२) बुढी- गण्डकीबाट कहिले बिजुली उत्पादन हुने?
३) मध्य-पहाडी मार्गमा कहिले देखि सिक्किमबाट सिधै पिथौरागढ जानसकिने ?
४) काठमाडौ उपत्यकामा कहिले बिरगन्ज र रसुवागढीबाट रेल मार्ग जोडएला ?
५) कहिलेदेखि बैदेशिक रोजगार बिभाग बन्द होला?

# पाँचौ शुक्लागण्डकी महोत्सवको तयारी तीव्र

**भञ्ज्याङ समाचारदात/दुलेगौंडा**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा आगामी चैत ६ देखि १७ गतेसम्म सञ्चालन गरिने पाँचौं शुक्लागण्डकी महोत्सवको तयारी तीव्र पारिएको छ । भानुभक्त क्याम्पस परिसरमा सञ्चालन गरिने




महोत्सवको तयारी करिब ९० प्रतिशत पुरा भएको महोत्सव मूल आयोजक समितिका अध्यक्ष समुन्द्रराम श्रेष्ठले जानकारी गराए।

कृषि, घरेलु उद्योग र पर्यटन प्रवर्द्धनलाई प्राथमिकता राखिएको महोत्सवमा स्थानीय उत्पादनको बजारीकरण तथा क्षेत्रका पर्यटकीय गन्तव्यस्थलको प्रचारप्रसार गर्ने उद्देश्यले कृषि तथा घरेलु उद्यमका स्टलहरूलाई विशेष स्थान दिइने आयोजकले जनाएको छ।

कुल १७५ वटा स्टल रहने महोत्सवमा करिब २ लाख दर्शक तथा पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ भने करिब ६ लाख ५० हजार रुपैयाँ बचत हुने अनुमान गरिएको छ ।

महोत्सवमा पालिका स्तरीय भलिबल प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः २ लाख, १ लाख र २५ हजार रूपैयाँ पुरस्कार प्रदान गरिनेछ भने उत्कृष्ट खेलाडीलाई ५/५ हजार रूपैयाँ प्रदान गरिने भएको छ ।

यसैगरी नृत्य प्रतियोगितामा प्रथमलाई १५ हजार, द्वितीयलाई १० हजार र तृतीयलाई ५ हजार रूपैयाँ पुरस्कार प्रदान गरिनेछ। रत्यौली प्रतियोगितामा प्रथम २५ हजार, द्वितीय २० हजार र तृतीय १५ हजार रूपैयाँ पुरस्कार तोकिएको छ। महोत्सवमा टिकटक रिल प्रतियोगिता पनि आयोजना गरिने महोत्सवका प्रवक्ता सुजन श्रेष्ठले जानकारी दिए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : व्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४